# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३५ | काठमाडौं | शनिबार, ०६ पुस २०८१ | Prabhab National Daily | Saturday, December 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**फोहरमैलाको उचित व्यवस्थापन गरौं**

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित ब्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै- प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको ब्यवस्थापनमा सबै जुटौं,

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एनपिएल उपाधि भिडन्त आज

### सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स फाइनलमा भिड्दै

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालमा पहिलोपटक आयोजना गरिएको फ्रेञ्चाइज क्रिकेट प्रतियोगिता 'नेपाल प्रिमियर लिग (एनपिएल)' आज समापन हुँदै छ । आज हुने फाइनलमा उपाधिका लागि सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स प्रतिस्पर्धामा उत्रँदै छन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मध्याह्न १२:३० बजे फाइनल खेल सुरु हुने छ । लिग चरणमा शीर्षस्थान ओगटेको सुदूरपश्चिम रोयल्स पहिलो च्याम्पियन बन्ने दाउमा छ । यसअघि लिग चरण र क्वालिफायरमा जनकपुरलाई पराजित गरिसकेकोले सुदूरपश्चिम टिम आत्मविश्वासी देखिन्छ । यो टिमको नेतृत्व विश्वकै दोस्रो वरीयताका अलराउण्डर दीपेन्द्रसिंह ऐरीले गरिरहेका छन् ।

तर, सुदूरपश्चिमलाई सहजै उपाधि सुम्पिने पक्षमा जनकपुर देखिँदैन । यसअघि बेहोरेको हारको बदला लिँदै उपाधि कब्जा गर्ने लक्ष्यका साथ जनकपुर मैदान उत्रने पक्का छ । आशिफ शेखको कप्तानीमा रहेको जनकपुरले दोस्रो क्वालिफायरमा कर्णाली याक्स्लाई पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको थियो ।

**पुरस्कार कसलाई कति**

| | | |
|---|---|---|
| उपाधि विजेता | : | १,१०,००,०००।- |
| उपविजेता | : | ५१,००,०००।- |
| तेस्रो स्थान | : | २५,००,०००।- |
| चौथो स्थान | : | १५,००,०००।- |

उत्कृष्ट नेपाली खेलाडी एक जना : ६१ लाख रुपैयाँ मूल्य बराबरको कार

⏭ क्रमशः पृष्ठ २ मा

## 'सरकार नढल्ने' मन्त्रोच्चारणमै व्यस्त सत्ताधारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमाले र नेपाली कांग्रेस मिलेर बनेको सरकार पछिल्लोपटक कुहिरोमा हराएको कागझैं बनेको छ । बिग्रँदो अर्थतन्त्रमा सुधारको लय ल्याउनुको साटो आफ्नो कुर्सी जोगाउन लागिपरेका छन् प्रधानमन्त्री केपी शर्मा ओली ।

विकासको कुनै योजना नभएपछि प्रधानमन्त्री र मन्त्रीहरू कार्यक्रमहरूमा अतिथि बन्दै जाने र भाषण गर्ने दैनिकी बनेको छ । कार्यक्रमहरूबाट प्रधानमन्त्री ओली आफ्नो सरकारलाई कसैले हल्लाउन नसक्ने बताएर फर्कन्छन् ।

ओलीमात्र हैन सत्ताधारी पार्टीका नेताहरूको मन्त्र नै बनेको छ- यो सरकार ढल्दैन । सत्तारुढ दलका प्रायः नेताहरू यही मन्त्रोच्चारणमा व्यस्त छन् आजभोलि । शुक्रबार मात्र एक पुस्तक विमोचन कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि यो सरकार परिवर्तन नहुने ठोकुवा गरे ।

- प्रधानमन्त्री ओलीको काम 'अब यो सरकार ढल्दैन' भन्नेमात्रै
- हरेक दिन, हरेक कार्यक्रममा यही भनाइ दोहोऱ्याउँछन् ओली
- गगन थापा, शंकर पोखरेल, सूर्य थापा, पृथ्वी सुब्बा गुरूङदेखि शेखर कोइरालासम्मको भाषणमा सुनिन्छ 'सरकार ढल्दैन'

'सरकार अहिले कुनै फेरबदल हुँदैन,' सञ्चारकर्मीसँग महामन्त्री थापाले भने । थापा अहिले कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री ओलीका प्रिय पात्र हुन् । थापा कुनै बेला अर्थमन्त्री बन्नसक्ने नेताका रूपमासमेत हेरिएको छ ।

यता प्रधानमन्त्री ओलीले दैनिकजसो यही भाषण गर्छन् । 'अहिले ढल्छ, भरे ढल्छ, भोलि नै ढल्छ, मरिजाओस्, ढलिजाओस् भनेर सरापेको सरापै छ,' नेपाल उत्पीडित जातीय मुक्ति समाजको ३७औं स्थापना दिवसका बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा ओलीले भने, 'तर झिंगाको सरापले डिंगा मर्दैन ।' सोही दिन रिपोर्टर्स् क्लब पुगेर एमाले नेता सूर्य थापाले सरकार ढल्दै नढल्ने ठोकुवा गरे । उनले अहिले केही मान्छेहरूले भारतीय गुप्तचार संस्था 'रअ' का फेक पात्र सिर्जना गरेर सरकार ढल्न लागेको प्रचार गरिरहेको बताए । 'ती मान्छेहरूले नेपालको सरकार छ/छ महिनामा ढलोस् भन्ने चाहेको देखिन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगारीको कहर

## १५ वर्षमा १४ हजारभन्दा बढीले गुमाए विदेशमा ज्यान

**काठमाडौं–** पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीमा गएका व्यक्तिमध्ये १४ हजारभन्दा बढीको मृत्यु भएको विवरण सार्वजनिक भएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार २१३ जनाको मृत्यु भएको हो ।

नेपालमा साताव्यापीरूपमा मनाइँदै गरिएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त विवरण सार्वजनिक गरेको हो । बुधबार परेको उक्त दिवसका अवसरमा मन्त्रालयले यही डिसेम्बर १६ देखि २२ तारिखसम्म विभिन्न कार्यक्रम गरी दिवस मनाइरहेको छ ।

तिनका परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० पारित गरी सन् २००३ जुलाई १ देखि लागू भएको छ ।

त्यसैले अन्तर्राष्ट्रिय आप्रवासी दिवस हरेक वर्ष डिसेम्बर १८ मा मनाइन्छ । संयुक्त राष्ट्रसंघले आप्रवासनका चुनौती र अवसरका बारेमा चेतना जगाउन र विश्वभरका आप्रवासीहरूको योगदानलाई मान्यता दिनका लागि विश्वव्यापी रूपमा यो दिवस मनाउन आह्वान गरेको छ । त्यसैले नेपालमा पनि यो दिवस सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज, आप्रवासी श्रमिक तथा उनीहरूका परिवार, सञ्च°ार जगत्लगायत विभिन्न पक्षहरूको संयुक्त पहलमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आइएको छ ।

**अन्तर्राष्ट्रिय आप्रवासन संगठनको आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभरि अनुमानित २८.१ करोड मानिस आप्रवासीका रूपमा रहेका छन् । जसमध्ये आप्रवासी श्रमिकको संख्या १६.९ करोड रहेको छ । आप्रवासीमाथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्बर १८ का दिन आप्रवासी श्रमिक र तिनका परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० पारित गरी सन् २००३ जुलाई १ देखि लागू भएको छ ।**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त दिवस मनाउन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा दिवस मूल समारोह समिति नै गठन गरेर साताव्यापी कार्यक्रम आयोजना गरेको हो । समितिले सार्वजनिक गरेको विवरणानुसार बोर्ड स्थापनापछिको उक्त अवधिमा गम्भीर बिरामी तथा अंगभंग भएर फर्किएका मात्रै तीन हजार ४४० जना श्रमिक छन् । उनीहरूलाई वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता प्रदान गरिएको सचिव निरौलाले जानकारी दिए । नेपालबाट विभिन्न १११ मुलुकमा नागरिक आप्रवासीका रूपमा गएका उनले बताए ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठनको आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभरि अनुमानित २८.१ करोड मानिस आप्रवासीका रूपमा रहेका छन् । जसमध्ये आप्रवासी श्रमिकको संख्या १६.९ करोड रहेको छ । आप्रवासीमाथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्बर १८ का दिन आप्रवासी श्रमिक र

नेपालको अर्थतन्त्रलाई गतिशील बनाउन वैदेशिक रोजगारीले महत्त्वपूर्ण योगदान गरेको छ । अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको श्रम शक्तिलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै वैदेशिक रोजगारीबाट आर्जित पुँजी, प्रविधि, सीप र अनुभवलाई अधिकतम रूपमा परिचालन गर्ने सरकारको नीति रहेको श्रम मन्त्रालयले जनाएको छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बद्ध कानुनमा परिमार्जन, सीपसहितको रोजगारीको सुनिश्चितता, निःशुल्क अभिमुखीकरण तालिम, श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी, वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत स्वदेशमा विप्रेषण ल्याउन प्रोत्साहन गर्ने, रिटर्नी उद्यमशीलता कार्यक्रम कार्यान्वयन गरिने आदि समावेश छ ।

⏭ क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### सरकार नढल्ने...

त्यस्ता मान्छेहरूको प्रयासले वर्तमान सरकार ढल्दैन । तिनले कुनै धुपबत्ती नगरे हुन्छ,' थापाले भने । उनीमात्र हैन, पुस १ गतेमात्र नेकपा एमालेका महासचिव शंकर पोखरेलले पनि सरकार नढल्ने दाबी गरेका थिए । 'अहिलेको सरकार संसद्का ठूला दुई दलको बलियो सरकार हो । यो दुई दलले नचाहँदासम्म कसैले चाहेर ढल्दैन,' नेपाल निजामती कर्मचारी संगठनद्वारा आयोजित प्रथम विधान अधिवेशनमा महासचिव पोखरेलले भनेका थिए ।

कांग्रेस र एमाले मिलेर गत असार मसान्तमा गठन भएको ओली नेतृत्वको सरकार आफ्नै रिपोर्ट कार्डमासमेत फेल छ । चीन जानुअघि प्रधानमन्त्री ओलीले केही मन्त्रीको प्रस्तुति नसुध्रेको भन्दै हटाइदिने चेतावनीसमेत दिएका थिए । तर ओलीको आफ्नै केही काम नदेखिएपछि उनी मौन छन् । मन्त्रिपरिषद्को बैठकसमेत गलफत्तीमा बित्ने गरेको मन्त्रीहरू नै बताउँछन् । मन्त्रिपरिषद् बैठकमा रौनकता नभएपछि बिहीबारको बैठक स्थगित भएको थियो । त्यसको साटो शुक्रबार बसेको बैठकमा पनि धेरै मन्त्रीहरू अनुपस्थित रहे । मन्त्रिपरिषद्को निर्णय सुनाउनुपर्ने सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ, पर्यटनमन्त्री बद्री पाण्डे, परराष्ट्रमन्त्री आरजु राणा देउवा, खेलकुदमन्त्री तेजुलाल चौधरीलगायत मन्त्रीहरू शुक्रबारको बैठकमा उपस्थित भएनन् । यसरी उदास बन्दै गएको सरकार भने २०८४ सम्मै जाने सरकारकै मन्त्रीहरूको दाबी छ ।

मंसिर १४ गते स्याङजाको कालीगण्डकी गाउँपालिका पुगेका सञ्चारमन्त्री गुरुङले यो सरकार नढल्ने बताएका थिए । 'यो मुलुकको समृद्धिका लागि निर्माण भएको सरकार उद्देश्य पूरा नहुँदासम्म ढल्ने कुरा हुँदैन,' गुरुङले भने, 'म ढुक्कका साथ भन्न सक्छु यो सरकार फेरिन्छ भन्ने भ्रममा नपर्नुस्, सरकार ढल्दैन, २०८४ को निर्वाचनसम्म जान्छ ।'

कात्तिक ३ मा चितवन पुगेर कांग्रेस नेता शेखर कोइरालाले पनि सरकार नढल्ने टिप्पणी गरेका थिए । 'यो सरकार ढल्दैन चल्छ । तर सरकार सरकार जस्तो भएर चल्नुपर्दछ,' कोइरालाले थपे, 'गाडीमा झण्डा हल्लाउँदै हिँड्न र जनताले तिरेको करबाट सेवा सुविधा खान मात्रै सरकार बनेको होइन । मन्त्रीहरूले इमानदारीपूर्वक काम गर्नुपर्दछ । जनतालाई सरकार भएको अनुभूति दिनुपर्दछ ।'

प्रधानमन्त्री ओलीको यो तेस्रो इनिङ हो सरकारको नेतृत्वमा । यसअघिका नेतृत्वमा ओलीको भाषण प्रायः सरकार ढल्दैन भन्नेमै सीमित हुन्थ्यो । माओवादी केन्द्रसँग एकता गरी नेकपा बनेपछि प्रधानमन्त्री बन्दा पनि ओलीले आफ्नो सरकार खरानीको डल्लो नभएको बताउँथे । पछिल्लो समय मेडिकल व्यवसायी दुर्गा प्रसाईं, राष्ट्रिय स्वतन्त्र पार्टीको कारण एमालेले अप्ठेरो महसुस गरेको थियो । उक्त समयमा मंसिर ७ गते दरबारमार्गमा शक्ति प्रदर्शन गर्दै ओलीले यो सरकार ढल्दै नढल्ने बताएका थिए । '२०८४ सालको मंसिरसम्म अहिलेको समीकरण रहन्छ, सबैले बुझ्ने हुन्छ, कान खोलेर सुने हुन्छ' प्रधानमन्त्री ओलीले भनेका थिए । त्यतिबेला उनले अझै थपेका थिए, 'सरकार बन्दै बन्दैन भन्थे, बन्यो । विश्वासको मत पाउँदै पाउँदैन, त्यो पनि पायो । यो महिना कट्दैन, त्यो पनि कट्यो । तिहार देख्दैन, त्यो पनि देख्यो । ..अब भाका राख्दै छन्, फेब्रुवरीको ।'

असोज ३० गते प्रहरी दिवसको अवसरमा पनि ओलीले यो सरकार टिकिरहने बताएका थिए । 'अहिले दिनैपिच्छे सरकार परिवर्तन हुन्छ भन्ने सुनिन्छि, दसैंपछि तुरुन्त परिवर्तन हुन्छ रे, कुन दसैं भनेको ? ८४ सालको दसैंपछिको चुनावमा ? ठीकै हो । त्यसभन्दा यता मैले एक वर्ष नौ महिनापछि शेरबहादुर देउवालाई हस्तान्तरण गर्छु । त्यसबेला आफैं फेरिन्छ यो सरकार,' प्रधानमन्त्री ओलीले भनेका थिए, 'त्यसपछि देउवाजीले नेतृत्व गर्नुहुन्छ, उहाँको नेतृत्वमा २०८४ सालमा निर्वाचन हुन्छ । चुनावपछि जो आउँछ त्यसले सरकार बनाउँछ । यस कुरामा सबै ढुक्क रहन म आग्रह गर्न चाहन्छु ।'

■■■

### एनपिएल उपाधि...

फाइनल खेलको पूर्वसन्ध्यामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा दुवै टिमले उपाधि जित्ने दाबी गरे । दुवै टिमका कप्तानले उपाधि जसले जिते पनि कीर्तिपुरको मैदानमा राम्रो क्रिकेट प्रस्तुत हुने विश्वास व्यक्त गरे । उनीहरूले उपाधिका लागि नै खेल्ने बताए ।

'प्लेअफ'मा पुगेका चार टिममध्ये चितवन राइनोज् र कर्णाली याक्स्ले इलिमिनेटर खेलेका थिए । इलिमेनेटरमा कर्णालीले चितवनलाई पराजित गर्दै दोस्रो क्वालिफायरमा प्रवेश गरेको थियो । तर, दोस्रो क्वालिफायरमा याक्स् जनकपुर बोल्ट्ससँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो । चितवन, कर्णाली र काठमाडौंको अंकतालिकामा समान आठ अंक रहे पनि रनरेटका आधारमा चितवन र कर्णाली प्लेअफमा प्रवेश गरेको थियो ।

प्रतियोगितामा जम्मा आठ टिम सहभागी थिए । तीमध्ये चार टिम प्ले अफमा प्रवेश गरेका थिए । प्रतियोगितामा सहभागी भएको लुम्बिनी लायन्स अंक तालिकाको अन्तिम अवस्थामा रहेको थियो । राष्ट्रिय टिमका कप्तान रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले एउटामात्र खेलमा जित हात पारेको थियो । लुम्बिनीका लागि कप्तान पौडेलले नेपाली खेलाडीहरूमा सबैभन्दा धेरै रन बनाएका छन् ।

त्यस्तै सन्दीप लामिछानेको कप्तानीमा प्रतियोगितामा भिडेको विराटनगर किंग्स् प्लेअफ प्रवेश गर्न असफल भएको थियो । विराटनगरले दुई खेलमा जित हात पारेको थियो भने पाँच खेलमा पराजित भएको थियो । त्यस्तै कुशल भुर्तेलको कप्तानीमा रहेको पोखरा एभेन्जर्सले पनि प्रतियोगितामा दुई खेलमा मात्र जित हात पारेको थियो । त्यस्तै करण केसी मार्की खेलाडी रहेको काठमाडौं गुर्खाज्ले चार खेलमा जित हात पारे पनि रनरेटका आधारमा प्ले अफ प्रवेशबाट वञ्चित हुनुपरेको थियो ।

प्रतियोगितामा लिग चरणमा सबै टोलीले सात/सात खेल खेलेका थिए । प्रतियोगिताको विजेताले एक करोड १० लाख रूपैयाँ पुरस्कार पाउने छ । उपविजेताले ५१ लाख पाउने छ । त्यस्तै तेस्रो र चौथोले क्रमशः २५ लाख र १५ लाख पाउने जनाइएको छ । प्रतियोगिताको तेस्रो स्थानमा कर्णाली याक्स पुगेको छ भने चितवन राइनोज् चौथो स्थानमा छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने नेपाली खेलाडीलाई ६१ लाख रूपैयाँ मूल्य बराबरको कार पुरस्कार दिइने पनि जनाइएको छ । प्रतियोगितामा आठ टिममा आठ जना मार्की खेलाडीहरू चयन गरिएको थियो । ती खेलाडीले पारिश्रमिकबापत २०/२० लाख रूपैयाँ पाउने छन् ।

प्रतियोगितामा विभिन्न विश्वस्तरीय अन्तर र्‍ाष्ट्रिय क्रिकेटरहरूको पनि सहभागिता रहेको थियो । ती मध्येमा कर्णाली याक्सबाट भारतीय स्टार ब्याट्सम्यान शिखर धवन पनि सहभागी भएपछि एनपिएलको चर्चा विश्व क्रिकेट जगतमा चुलिएको थियो । धवनबाहेक प्रतियोगितामा जिमी निसम, मार्टिन गुप्टिलजस्ता कुनै समय विश्वक्रिकेटका हस्तीहरूको पनि सहभागिता रहेको थियो ।

■■■

### १५ वर्षमा...

आव २०८०/८१ मा गत आर्थिक वर्षको तुलनामा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई १४ खर्ब ४५ अर्ब ३२ करोड रूपैयाँ रकम नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । आव २०८०/८१ मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसमेत) लिई वैदेशिक रोजगारीमा गएका ८० हजार १७२ महिलासहित कूल सात लाख ४१ हजार २९७ जना श्रमिकले पठाएको विप्रेषणले आप्रवासी श्रमिकहरूको घरपरिवार सञ्चालन, मानवीय सम्पत्ति सूचकांकमा सुधार र गरिबीमा रहेका परिवारहरूको आर्थिक जोखिम कम गर्न तथा नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुगेको समितिले जनाएको छ । विश्व बैंकको अक्टोबर, २०२४ को प्रतिवेदनअनुसार नेपालमा कुल गार्हस्थ उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाइभन्दा बढी यसको रहेको छ ।

त्यसैले सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरूमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आप्रवासी दिवस सप्ताहव्यापी रूपमा मनाउने निर्णय भएअनुसार विविध कार्यक्रम भइरहेको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने राहदानी, सीप तालिम तथा अभिमुखीकरणलगायत कागजात तयार पार्न स्थानीय तह तथा जिल्लास्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिका तथा गाउँपालिकालगायत निकायको महत्त्वपूर्ण भूमिका छ । यसर्थ सबैको सरोकारको विषय भएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसले स्थानीयस्तरमासमेत विशेष महत्त्व राख्ने सचिव निरौला बताउँछन् ।

श्रम मन्त्रालयका उपसचिव वसन्त बोहरा आप्रवासी नीति नै परिमार्जन गरेर वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन लागिएको बताउँछन् । अहिले उक्त नीति सुझावको चरणमा रहेको उनले बताए । मन्त्रालयका अर्का उपसचिव महेश पराजुली ९८.९ प्रतिशतले रेमिटचान्स औपचारिक च्यानलबाट पठाएको अध्ययनमा पाइएको र समस्यामा परेका मानिसहरूको संख्या न्यून रहेको जानकारी दिएका छन् । उनले कमाएको रकम घरपरिवार व्यवस्थापनमा बढी खर्च भएको देखिएकाले त्यसलाई आयआर्जनमा लगाउनका लागि प्रोत्साहन र सचेतना जरूरी रहेको र यस्ता कार्यक्रमले सहयोग गर्ने बताए । *रासस*

# पुनः देखियो मंकीपक्स संक्रमण

**काठमाडौं (प्रस)**– मुलुकमा पुनः मंकीपक्स संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार तनहुँका ३६ वर्षीय एक पुरुषमा संक्रमण पुष्टि भएको हो ।

'साउदी अरबबाट बिहीबार स्वदेश आएका निजको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएको थियो,' उनले भने, 'अहिले उनको अवस्था सामान्य छ ।' निजको शुक्रराज अस्पतालमा 'आइसोलेसन'मा राखेर उपचार भइरहेको छ । दुई वर्षअगाडि पनि नेपाल आएका एकजना विदेशीमा मंकीपक्स संक्रमणको देखिएको थियो । उनले मंकीपक्स संक्रमण देखिएपछि सीमा नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका 'हेल्थ डेक्स'लाई सतर्कता अपनाउन सरकारले निर्देशन दिएको प्रवक्ता बुढाथोकीले बताए ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २३४ पौष ५ गते २०८१ मा प्रकाशित **Earth Smart Human Resources Nepal Pvt.ltd.** को Lot No. 310879 को विज्ञापनमा कम्पनीको नाम Shapoorji Pallonji Mideast LLC हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २३४ पौष ५ गते २०८१ मा प्रकाशित **Global Dynamic Manpower Solution Pvt. Ltd** को Lot No. 315209 को Ayer Holdings Berhad कम्पनीको विज्ञापनमा बस्ने सुविधा छ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497, E-mail: globaldynamics1594@gmail.com

**अरुण वनस्पती उद्योग लिमिटेड**
**दुहबी, सुनसरी**

**बार्षिक साधारण बस्ने बारेको सूचना**

यस कम्पनीका शेयरधनीहरुको ३४ औं वार्षिक साधारणसाभा निम्नलिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१/०९/२६ गते (१० जनवरी २०२५) शुक्रबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, दुहवी, सुनसरी
समय : दिनको २ बजे

**छलफलका विषयहरु :**
**सामान्य प्रस्ताव**
१. संचालक समितिको प्रतिवेदन ।
२. लेखा परिक्षकको प्रतिवेदनसहित २०८१ असार मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
३. आगामी आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. महिला संचालक प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था बारे ।
**विषेश प्रस्ताव**
५. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (क) बमोजिमको काम गर्न गराउन पाउने गरि संचालक समितिलाई अख्तियार दिने सम्बन्धि विशेष प्रस्ताव ।
६. विविध ।

**कम्पनी सचिव**
**अरुण वनस्पती उद्योग लिमिटेड**
**(सम्पर्क नं.: बिदाको दिन बाहेक दिउंसो १२ बजे देखि अपरान्ह ४.०० बजे भित्र मोबाईल नं ९८५२०२२७७२ मा)**

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६
आदरणिय सेयरधनी महानुभावहरु,
**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ फुड बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको ४:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।
**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।
**(ग) विविध ।**

**आज्ञाले,**
मोहन कुमार बस्नेत
संचालक/कम्पनी प्रतिनिधि

मुक्तिनाथ फुड बैंक लि.
MUKTINATH FOOD BANK LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६
आदरणिय सेयरधनी महानुभावहरु,
**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ ट्रेडिङ लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १२:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु. ५ करोड पुर्‍याउने विशेष प्रस्ताव पारित गर्ने ।
२. कम्पनीको प्रवन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।
**(ग) विविध ।**

**आज्ञाले,**
तुलसीराम ढकाल
अध्यक्ष

मुक्तिनाथ ट्रेडिङ लि.
MUKTINATH TRADING LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, ०६ पुस, २०८१

| | |
|---|---|
| **मेष** | अरुको करकापमा काम गर्न बाध्य । |
| **वृष** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **मिथुन** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **कन्या** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **तुला** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरुले साथ मिल्ने । |
| **धनु** | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| **मकर** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मीन** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ पुस, २०८१ (२१ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.४९ | १३६.०९ |
| युरो | १ को | १४२.१३ | १४२.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१६ |
| स्विस फ्रैन्क | १ को | १५१.८६ | १५२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४६ |
| क्यानाडियन डलर | १ को | ९५.१४ | ९५.५६ |
| सिङ्गापुर डलर | १ को | १००.३६ | १००.८० |
| जापानी येन | १० को | ८.८१ | ८.८५ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.०७ | ३६.२२ |
| कतारी रियाल | १ को | ३७.१७ | ३७.३३ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८९ | ३७.०५ |
| मलेसियन रिङ्गेट | १ को | ३०.४३ | ३०.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.४४ | ९.४८ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४१ |
| डेनिस क्रोनर | १ को | १९.०६ | १९.१४ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.२० | ४४२.१५ |
| बहराइन दिनार | १ को | ३५९.२० | ३६०.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विपद् व्यवस्थापनगर्न काभ्रेका स्थानीय तहद्वारा योजना संशोधन

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** विपद् व्यवस्थापनका लागि यहाँका स्थानीय तहले चालु आर्थिक वर्षको योजना तथा बजेट संशोधन थालेका छन् ।

गत असोज दोस्रो साताको बाढीपहिरोका कारण जिल्लामा जनधनको क्षति भएपछि राहत तथा पुनर्वासका लागि यहाँका स्थानीय तहले विशेष सभामार्फत योजनागतरूपमा विनियोजत बजेट कटौती गर्न थालेका हुन् । बिहीबार धुलिखेल नगरपालिकाको सोह्रौं अधिवेशनमा विशेष सभाको आयोजना गरी बाढीपहिरोका कारण नगरका विभिन्न वडामा भएको क्षति र त्यसपछि भएको खोज तथा उद्धार, उपचार र पुनर्निर्माणका लागि नगरले आवश्यक बजेट विनियोजन गर्न चालु आवको ७५ वटा योजनाको बजेट संशोधन गर्ने निर्णय गरिएको छ ।

उक्त नगरसभाले नगरको कर्मचारी व्यवस्थापनसम्बन्धी (विशेष) विधेयक, नगरको जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक २०८१, आर्थिक ऐन तथा राजस्वका दररेट संशोधन गर्ने निर्णय गरिएको नगरप्रमुख अशोक ब्याञ्जूले बताए । 'अब हुने कार्यपालिका बैठकमा संशोधित योजनाबारे बृहत् छलफल गरी आवश्यक बजेट संशोधन गर्दै लगिने छ,' उनले भने।

नगरप्रमुख ब्याञ्जूका अनुसार नगरमा विपद्बाट भएको क्षतिको जानकारी गराउँदै धुलिखेललाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ । नगरसभाले अनुमोदन गरेको विधेयकमध्ये विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक-२०८१ महत्त्वपूर्ण रूपमा छ भने नगरप्रमुखको संयोजकत्वमा विभिन्न क्षेत्रका व्यक्ति सदस्य रहने गरी वडास्तरमासमेत विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरिएको छ। यस्तै सभाले पूर्वाधार, खानेपानी, भवन, आवास तथा सहरी विकास, वडा विशेष अनुदान, नगरस्तरीय भैपरी योजना, समपूरक तथा साझेदारी संघ र प्रदेशका योजनामा विनियोजित बजेटमा २० प्रतिशत कटौती गर्ने निर्णय गरिएको जनाइएको छ ।

यसअघि विशेष अधिवेशनको आयोजना गरी जिल्लास्थित रोशी र बेथानचोक गाउँपालिकाले विपद् प्रभावितको राहत, पुनःस्थापना एवं पुनर्वासका लागि चालु आवको बजेट संशोधन गरी विपद् कोषमा बजेट व्यवस्थापन गरेका छन्। जाडो याम सुरु भइसकेकाले गाउँपालिकाले तत्काल बाढीपहिरो प्रभावितलाई थप राहत प्रदान गर्न गाउँसभाको विशेष अधिवेशनले छुट्टै बजेट व्यवस्थापन गरेको जनाइएका छन् ।

बेथानचोक गाउँपालिकाले गत मंसिर १४ गते विशेष गाउँ अधिवेशनको आह्वान गरी चालु आवमा विनियोजित ६४ करोड १२ लाख रूपैयाँ बजेटमा नौ करोड ३१ लख ८७ हजार रूपैयाँ कटौती गरी विपद् व्यवस्थापन कोषका लागि छुट्याएको थियो । गाउँपालिकाले चालु आवका लागि १५औं अधिवेशनद्वारा पारित महत्त्वपूर्ण योजनाबाहेकका योजना कटौती गरी विपद् व्यवस्थापन योजना तयार गर्न लागिएको अध्यक्ष भगवान् अधिकारीले बताए।'प्राथमिकीकरणका आधारमा योजना फेरबदल गरेर विपद् प्रभावितको अस्थायी आवास पुनर्निर्माण कार्यमा लागेका हौं,' उनले भने । उनका अनुसार उक्त बजेटबाट प्राथमिकताका आधारमा पुनर्निर्माणबारे योजना बनाइने छ । बाढीपहिरोले उक्त गाउँपालिकामा १२ को मृत्यु भएको थियो भने २३ हजार ६०० स्थानीय प्रभावित बनेको जनाइएको छ । संघीय सरकारद्वारा मृतकका परिवारलाई दुई लाख रूपैयाँका दरले राहत दिइएको छ भने संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले दुईवटा वडाका दुई ६९ परिवारलाई संघीय सरकारबाट घोषित अल्पकालीन राहत (पाँच जनासम्मको परिवारलाई १५ हजार रूपैयाँ तथा पाँचभन्दा बढी सदस्य भएका परिवारलाई २० हजार रूपैयाँ) प्रदान गरिएको छ। *रासस*

## सभामुख घिमिरेको आग्रह–

# संघीयताबारे तर्कहीन टिप्पणी नगरौं

■ प्रभाव संवादाता

**काठमाडौं–** सभामुख देवराज घिमिरेले संघीयता महँगो भएको टिप्पणी तर्कसंगत नभएको बताएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्मारिका शुक्रबार लोकार्पण गर्दै उनले विषयवस्तुको गाम्भीर्य नबुझी संघीयताका विषयमा नकारात्मक टिप्पणी गर्नु गलत भएको बताए ।

सभामुख घिमिरेले भने, 'संघीयतालाई कमजोर बनाउनेगरी व्याख्या भइरहेको छ, त्यो बेठीक छ । कयौं कुरा क्षमता, कानुन र बुझाइको अभावमा कमजोरी हुन पुगेका छन् ।' उनले संघीय शासन प्रणालीमा भएका कमी कमजोरी तथा असल अभ्यास र उपलब्धिको समीक्षा गर्न आवश्यक रहेको बताए ।

सभामुख घिमिरेले भने, 'कानुन निर्माणदेखि संघीयतालाई सहयोग पुग्ने काम गर्नुको साटो उल्टै संघीयता बोझिलो, खर्चिलो र स्रोतको दुरूपयोग भयो भन्ने कोणबाट मात्र टिप्पणी भइरहेको छ, । संविधानका संशोधनमा संघीयताका बारेमा बहस हुनु गलत छ ।'

संघीयतासम्बन्धी अभ्यास, जिम्मेवारी र भूमिका कस्तो रह्यो भनी अब गम्भीर समीक्षाको खाँचो रहेको बताउँदै सभामुख घिमिरेले भने, 'आगामी दिनमा संघीय संसद्मा यसबारे पर्याप्त बहस र छलफलका लागि आवश्यक वातावरण मिलाइने छ ।' वित्तीय संघीयताका ज्ञाता यमनाथ शर्माले ऋण लिएर भए पनि प्रदेश र स्थानीय तहलाई खर्चको व्यवस्थापन गरेकाले नेपाल सरकार वित्तीय संघीयता कार्यान्वयका हिसाबले उदार रहेको टिप्पणी गरे ।




आयोगका अध्यक्ष बालानन्द पौडेलले वित्तीय संघीयता, राजस्व व्यवस्थापन, खर्च जिम्मेवारी, प्राकृतिक स्रोतको संरक्षण र उपयोग, स्रोत परिचालनसम्बन्धी विवाद समाधान, प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन अध्ययन गरेर प्रचारप्रसार गर्ने कार्यलाई समेत आयोगले कार्यक्षेत्र बनाएको जानकारी दिए ।

आयोगका सचिव किरणराज शर्माले संघीयता, वित्त संघीयता, अन्तर-सरकारी वित्त व्यवस्थापन र प्राकृतिक स्रोत व्यवस्थापनका विषयमा सम्बन्धित विषयका ज्ञाताका ३८ वटा लेख रचना प्रकाशित स्मारिकामा समावेश रहेको जानकारी दिए । प्रकृतिक संरक्षणका क्षेत्रमा कार्यरत डा. घनश्याम गुरुङले प्रकृति र प्राकृतिक स्रोतसाधनको दिगो विकास र उपयोग गर्नका विषयमा आएका आवाजलाई विकास विरोधी भन्न नमिल्ने बताए ।

पूर्वसचिव वेगेन्द्र शर्मा पौडेलले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई तीन तहकै सरकारलाई सन्तुलित, पारदर्शी र न्यायिक ढंगले सरकारको ढुकुटीको रकम वितरणको अधिकार रहने बताए । स्मारिकामा संघीय एकाइको आवधिक योजना र बजेट, नेपालमा संघीयता, अर्थशास्त्र, अर्थतन्त्र, बजेट र सार्वजनिक ऋण, वित्तीय संघीयता कार्यान्वयनमा अन्तरसरकारी वित्त व्यवस्थापन प्रणाली र आगामी कार्यदिशालगायतका शीर्षका विषय विज्ञका लेख समावेश छ ।

---

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९९ को ९८४.८६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ०.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अमलेचौर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ क्लाइमेट केयर लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४ )
**समय :** बिहान ९:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
विनोद कुमार घिमिरे
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ क्लाइमेट केयर लि.**
**MUKTINATH CLIMATE CARE LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ६५ को १४२८.४० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–६, मकवानपुर**

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Langtang Overseas Pvt.ltd.** इजाजत नम्बर १६४३/०८०/०८१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गर इन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्वन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | ना.प्र.प्र.नं. |
|---|---|---|
| १. | शिक्षा परियार | ४२-०२-७८-००७४७ |
| २. | समिना तामाङ | २५-०१-७८-००६२३ |
| ३. | सुमन तामाङ | २४-०१-७७-०५७८४ |

**LANGTANG OVERSEAS PVT.LTD.**
Basundhara-3, Kathmandu, Nepal, Tel: 01-4971229, 5903078, 9849442132, 9818497796, 9707312439, 9851354196, 9818510349, Email: info@langtangoverseas.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081

### ब्लैक रक भेन्चर क्यापिटल लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

**श्री आदरणीय सञ्चालक/शेयरधनी महानुभावहरू,**

यस ब्लैक रक भेन्चर क्यापिटल लिमिटेड (प.नं. ३५२९७६/८१/८२) काठमाडौंको निम्न मिति, स्थान र समयमा बसी देहायका विषयहरूमा छलफल गरी पारित गरिने भएको हुँदा कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम सबैलाई उपस्थितिका लागि सादर अनुरोध गरिन्छ ।

**विशेष साधारण सभा हुने स्थान, मिति र समय**
**स्थान :** का.म.न.पा.-३२, कोटेश्वर, काठमाडौं (ब्लैक रक भेन्चर क्यापिटल लिमिटेडको कार्यालय)
**मिति :** २०८१/०९/२३ **समय :** दिनको ३:०० बजे

**साधारण सभामा छलफल गरिने विषयहरू :**
१. जारी पूँजी वृद्धि गरी स्वीकृत प्रबन्ध-पत्रमा संशोधन गर्ने बारे ।
२. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**फोन नं. ९८०२३४८९५७**

### दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ फर्टिलाइजर बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको नाम परिवर्तन गरि मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि. गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
२. प्रबन्धपत्र र नियमावलीको प्रस्तावित बुँदाहरुमा संशोधन गर्ने ।
३. कम्पनीको जारी पूँजी रु.२.५ करोड र चुक्ता पूँजी रु. २ करोड पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।
४. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
नारायण कुमार श्रेष्ठ
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ फर्टिलाइजर बैंक लि.**
**MUKTINATH FERTILIZER BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## Aandhikhola Rural Municipality
### Office of the Rural Municipal Executive
### Krishi, Syangja
### Gandaki Province, Nepal

**Notice for the Letter of Intent**

***(First Publication Date : 21st of December, 2024)***

According to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-FR-01-2081-82*** as per the Invitation for Bids published in the national daily newspaper **"Prabhav National Daily"** on **10 October 2024**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-W-NCB-FR-01-2081-82 , Upgrading of Fulbari Majhkatera Aarthar Ramjha Deurali Road | LAMSAL/HAZEL J.V. POKHARA -17. | 2,53,05,054.73 |

**Chief Administrative Officer**

### मधेश प्रदेश सरकार
### वन तथा वातावरण मन्त्रालय
### वन निर्देशनालय
## भु तथा जलाधार व्यवस्थापन कार्यालय
### वीरगंज, पर्सा

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०६**

यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ पहिलो (संसोधन सहित)को दफा ८ को उप दफा १ तथा सार्वजनिक खरिद नियमावली,२०६४(चौथो संसोधन)को नियम ३१(ख) बमोजिम क्याटलग सपिङ बिधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ख) को उप नियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पापदनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात क्याटलग/ब्रोसर संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन् उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ।
२. उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अध्यावधिक नविकरण भएको पत्र, स्थाई लेखा नं, तथा मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सातौं) दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्ने छ तथा दर्ता गरिएका शिलबन्दी प्रस्तावहरु सोही दिन दिनको १४:०० बजे खोलिने छ।
३. साथै सुचिकृत नभएका उत्पादन वा आधिकारिक बिक्रेता कम्पनीहरूले सुचिकृत गराई उक्त शिलबन्दी प्रस्ताव गर्न सकिने व्यवहोरा समेत जानकारी गराईन्छ।
४. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिन पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।
५. शिलबन्दी प्रस्ताव स्वीकृत/ अस्वीकृत वा स्थगित गर्ने लगायत अन्य सबै कुराको अधिकार कार्यालयमा निहित रहनेछ।

| क्र.सं. | सवारी साधन | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| 1 | Double Cab 4 WD Pickup | Five door right hand drive, Double Cab 4 WD Pickup suitable for normal and rough road driving in Nepal. Close body having seating capacity for at least 5 passengers including driver. Model With four wheel drive, suitable for driving both in ON- ROAD condition giving smooth economic performance.Gross weight of the vehicle not less than 3100 kg. **Engine:**Water cooled diseal engine displacement not less than 2100 cc developing rated power output not less than 130 PS Torque not less than300 N-M governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका स्वीकृत कुराहरु Technical Specification बमोजिम हुनेछ । |



## नेपाल-चीन सीमा

# उपल्लो डोल्पामा सीमा सुरक्षा राख्ने योजना अन्योलमै

▶▶ रामचन्द्र न्यौपाने / डोल्पा

कर्णाली प्रदेशका १० जिल्लामध्ये हुम्ला र डोल्पामा चिनियाँ नाका पर्दछन् । हुम्लामा हिल्सा नाका पर्दछ भने डोल्पामा मोरिम्ला र क्याटो नाका पर्दछन् । हिल्सा नाका पूर्णरूपमा सञ्चालनमा छ ।

हिल्सा नाका सञ्चालनमा आएसँगै हुम्लावासीलाई दैनिक उपभोग्यलगायत सामग्री किनमेल गर्न सहज भएको छ । हिल्सा क्षेत्रमा सीमा सुरक्षाका लागि हिल्साबाहेक डोल्पाको मोरिम्ला नाका पनि आंशिकरूपमा खुल्ने तर प्रचुर व्यापारिक सम्भावना बोकेको चिनियाँ नाका हो । पाँच वर्षअघिसम्म नियमितरूपमा प्रत्येक वर्ष खुल्ने मोरिम्ला नाका यस वर्ष पाँच वर्षपछि खुलेको हो ।

कोरोना कहरपछि चीनले पाँच वर्षसम्म नाका खुलाउन अनुमति नदिँदा नाका खुल्न सकेन । यस वर्ष गत साउन महिनामा १५ दिनका लागि नाका खुलाइएको हो भने प्रवेशका लागि जिल्ला प्रशासन कार्यालय डोल्पाले एक हजार ८०० भन्दा धेरै सीमा पास जारी गरेको थियो ।

अस्थायीरूपमा सञ्चालन हुँदै आएको मोरिम्ला नाका क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा (बिओपी) राख्ने कुरा वर्षौंदेखि अन्योलमा पर्दै आएको छ । दुई देशबीचको व्यावहारिक समझदारीमा नाका सञ्चालन भए पनि न सीमा सुरक्षा पोस्ट छ न त भन्सार कार्यालय राखिएको छ ।

नेपालको संविधानअनुसार सीमा सुरक्षा गर्ने दायित्व सशस्त्र प्रहरीको हो । तर डोल्पाका पुराना यी दुई नाका भने सुरूदेखि नै सीमा सुरक्षा फौज राखिएको छैन । यी दुई नाका चीन नेपाल र भारतबीच हुने त्रिदेशीय व्यापारिक नाकाका रूपमासमेत रहेका छन् । रणनीतिक महत्त्व बोकेका यी तीन नाकामध्ये मोरिम्ला नाका पूर्णरूपमा सञ्चालन आएमा चीनको सामान नेपाल हुँदै भारत र भारतको सामान नेपाल हुँदै चीन पुऱ्याउन सकिन्छ । यी तीन नाका जोड्ने प्रमुख सडक भेरी करिडोर हो । जुन सडकको जाजरकोट जिल्लाको तल्लुबगरसम्म स्तरोन्नति सुरू गरिएको छ भने त्योभन्दा माथि मोरिम्लासम्म 'ट्र्याक' मात्र खुलाइएको छ ।

डोल्पामा पर्ने ल्यासीक्यापदेखि शिसौलसम्मको ४० किलोमिटर सडक त ट्र्याक नै खुलाइएको छैन । भौगोलिकरूपमा कठिन भूगोल भएकाले सेनालाई निर्माणको जिम्मा दिने बताइएको एक वर्ष बितिसक्दासमेत काम सुरू भएको छैन । मोरिम्ला नाका डोल्पोबुद्ध गाउँपालिकामा पर्दछ भने क्याटो नाका शे-फोक्सुण्डो गाउँपालिकामा पर्दछ । उपल्लो डोल्पामा बसोबास सुरू भएदेखि उपल्लो डोल्पावासी र तिब्बती व्यापारीबीच दैनिक उपभोग्य वस्तुलगायत वस्तुहरूको व्यापार हुँदै आएको उपल्लो डोल्पावासीको भनाइ छ ।

उपल्लो डोल्पाका डोल्पोबुद्ध, छार्काताङसोङ र शे-फोक्सुण्डो गाउँपालिकाका बासिन्दालाई जिल्ला सदरमुकाम झरेर दैनिक उपभोग्य सामग्री किनमेल गर्न पाँच दिन लाग्ने भएकाले पनि दुई दिनमा क्याटो र मोरिम्ला नाका पुगेर किनमेल गर्न सजिलो हुन्छ । त्यतिमात्र नभई यी दुई नाका आधिकारिकरूपमा खुलाइएमा चिनियाँ सामान सीधै नेपाली बजारमा भित्र्याउन सकिने र नेपालमा उत्पादन हुने यार्सागुम्बालगायत नेपाली जडीबुटी सीधै चिनियाँ बजारमा निर्यात गर्न सकिने डोल्पाली व्यापारीहरू बताउँछन् ।

त्यसो त उपल्लो डोल्पावासीले पहिलादेखि नै चिनियाँ नाकाबाटै दैनिक उपभोग्यलगायत सम्पूर्ण घरायसी सामानहरू खरिद गरेर आफ्ना आवश्यकता टार्दै आएका छन् । उपल्लो डोल्पावासीले खाद्यवस्तुमात्र होइन मोटरसाइकललगायत मेसिनरी सामानसमेत चिनियाँ नाकाबाट खरिद गर्दै आएका छन् । नेपालमा सात लाखसम्म पर्ने मोटरसाइकल दुई-तीन लाखमै आउने भएपछि आवतजावतको सुविधाका लागि प्रायः स्थानीयले चिनियाँ नाकाबाट मोटरसाइकल खरिद गर्ने गरेको धेरै वर्ष भएको डोल्पोबुद्ध गाउँपालिकाका स्थानीयको भनाइ छ ।

❛

उपल्लो डोल्पामा पर्ने मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि एउटा बिओपी राख्न आवश्यक भएको छ । त्यसका लागि सुरूमा जग्गा चाहियो, जग्गा प्राप्त हुन सकेको छैन, जिल्लाका सुरक्षा अधिकारीहरूले पनि जग्गा कहाँ कति खाली छ हेर्न जान पाएको छैन, अब एकपटक जिल्लाको सुरक्षा टोली पुग्छौं र जग्गाका लागि सामान्य गर्छौं ।

■ **दामोदर ज्ञवाली**
**सहायक प्रमुख जिल्ला अधिकारी**

उपल्लो डोल्पामा चीनसँगका दुईवटा खुला सिमाना छन्, ती सिमानाहरू, सीमास्तम्भहरू के कस्तो अवस्थामा छन् राज्यको ध्यान पुग्न सकेको छैन, उपल्लो डोल्पाका विभिन्न ठाउँमा सशस्त्र प्रहरीको सुरक्षा फौज राख्ने भनेको पाँच छ वर्ष भयो तर उपलब्धि हात लागेको छैन ।

■ **पेम्माधोर्चे गुरुङ**
**उपाध्यक्ष, डोल्पोबुद्ध गाउँपालिका**

### सीमा सुरक्षाको जिम्मेवारी

उपल्लो डोल्पामा रहेका मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि राज्यले नै बेवास्ता गरेको पाइएको छ । प्रत्येक वर्ष सीमाक्षेत्र अनुगमनका लागि भन्दै हेलिकप्टरमा उपल्लो डोल्पा पुग्ने सरकारी प्रतिनिधि, उच्च राजनीतिक नेतृत्वले पनि नाकालाई वैध बनाउनका लागि ठोस कदम चाल्ने बताउने गरे पनि काम भने भएको छैन । त्यतिमात्र नभई स्थानीय सरकारका प्रतिनिधि, जिल्लास्थित सुरक्षाका निकायका प्रमुखहरू, जिल्लाका सांसद मन्त्रीहरूको पनि भ्रमण हुने गरे पनि उपलब्धि भने शून्य देखिन्छ ।

मोरिम्ला र क्याटो नाकालाई स्थायी बनाउन पहिलो काम भनेको सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने जिल्लाका सुरक्षा अधिकारीहरू नै बताउँछन् । यससँगै अस्थायी भए पनि भन्सार कार्यालय स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ । जग्गा प्राप्तिपछि सरकारले सीमाक्षेत्रमा अत्याधुनिक भवन बनाइदिएमा बाह्रै महिना बसेर सशस्त्र प्रहरीले सिमाना सुरक्षा गर्न सक्ने बताइन्छ ।

नेपाल-चीन सीमा सुरक्षाका लागि जिम्मा पाएको सशस्त्र प्रहरी नहुँदा नेपालको भौगोलिकता अखण्डताको रक्षामा राज्यले नै चासो नदिएको प्रस्ट हुने डोल्पाका सरोकारवाला बताउँछन् । त्यतिमात्र नभई सीमाक्षेत्रको निगरानी, शान्तिसुरक्षा कायम गर्न र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने कार्यसमेत हुन सकेको छैन । अहिले एकल रूपमा चिनियाँ प्रहरीले सीमाक्षेत्रहरू नियमितरूपमा अनुगमन गरिरहको देख्न सकिने उपल्लो डोल्पावासी बताउँछन् ।

सीमा सुरक्षा राज्यको प्रमुख दायित्व भएकाले राज्य र सरकारको चासो धेरै हुनुपर्ने डोल्पोबुद्धका स्थानीय पेम्माछेवाङ गुरूङले बताए । त्यसमा पनि डोल्पाबाट निर्वाचित मन्त्रीहरूले यो कुरा सरकारसम्म पुऱ्याएर कार्यान्वयन गर्न लगाउनुपर्ने उनको भनाइ छ ।

'उपल्लो डोल्पाको तीञ्जेमा सशस्त्र प्रहरीको बिओपी राख्ने कुरा वर्षौंदेखि उठे पनि अहिले अन्योलमा परेको छ, तीञ्जेबाट मोरिम्ला नाका नजिक पनि पर्दछ, आफ्नो देशभित्रको साँध सिमाना सुरक्षा गर्ने दायित्व राज्यको हो तर डोल्पाको हकमा राज्यको चासो देखिँदैन,' उनले भने, 'जग्गा खोज्नका लागि आवश्यक पहल स्थानीय सरकारले गर्नुपर्छ, जुन कुरा भएको छैन, बिओपी स्थापना गर्न राज्य पनि तातिएको छैन ।'

सशस्त्र प्रहरीका अनुसार बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा चाहिन्छ । तर, डोल्पोबुद्ध गाउँपालिकाकै धो ताक्सीमा इलाका प्रहरी कार्यालय स्थापना गर्ने भन्दै साढे एक रोपनी जग्गा प्राप्त भएर शिलान्यास गरिएको भवन अलपत्र छ । सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीको बिओपी राख्दा सीमाक्षेत्रबाट पनि टाढा पर्ने भएकाले बिओपी राख्न उपयुक्त नहुने जिल्लाका सुरक्षा अधिकारी बताउँछन् । मोरिम्ला नाकाबाट नजिक पर्ने तीञ्जे, पोल्दे, फालमध्ये एक ठाउँमा बिओपी स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ । बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा आवश्यक पर्ने छ ।

### यसकारण आवश्यक छ बिओपी

आफ्नो देशको साँध सिमाना सुरक्षा गर्नु देशको प्रमुख दायित्व हो । विश्व परिवेश नियाल्दा आफ्नो सीमाक्षेत्र रक्षाका लागि कतिपय देशबीच युद्धसमेत हुने गर्दछ । भौगोलिक अखण्डताको सुरक्षा, भौगोलिक सीमा सुरक्षा सुनिश्चित गर्न, अनधिकृत आवगमन तस्करी, गैरकानुनी गतिविधिहरूको खतरासमेत बढेको छ । त्यतिमात्र नभई सीमावर्ती बस्तीहरूको सुरक्षा, आपत्कालीन रूपमा आइपर्ने प्राकृतिक प्रकोपका घटनाहरूमा राहत तथा उद्धारको पूर्वतयारीसमेत हुन सकेको छैन । राज्यले जतिसक्दो चाँडो सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले बताए । सीमाक्षेत्र परेको ठाउँमा सुरक्षा बल राख्नु राज्यको प्रमुख दायित्व भएको उनको भनाइ छ । त्यसका लागि डोल्पाबाट निवार्चितहरूको विशेष पहल हुनुपर्ने बुढाले बताए ।

### हुँदैन सीमा गस्ती

उपल्लो डोल्पामा सीमा सुरक्षा बल बिओपी नहुँदा नियमितरूपमा सीमा गस्ती हुन सकेको छैन । प्रत्येक दिन सिमानमा नेपाली सुरक्षा टोली पुग्नुपर्ने भए पनि अहिले उपल्लो डोल्पामा पर्ने सीमाक्षेत्र सुरक्षाविहीन भएका छन् ।

तीञ्जेमा सशस्त्र प्रहरीको बिओपी स्थापना हुन नसकेपछि मोरिम्ला र क्याटो दुवै नाका सुरक्षाविहीन भएका हुन् । दुई देशबीचको उक्त सीमाक्षेत्रमा चिनियाँ प्रहरी भने नियमित पुग्ने गरेको उपल्लो डोल्पावासी बताउँछन् । तर नेपालका तर्फबाट भने सुरक्षा बल नहुँदा चिनियाँ प्रहरीले के कस्ता गतिविधि गर्छन् भन्ने कुरा रहस्यमय रहेको उनीहरूको भनाइ छ । तीन वर्षअघि आफ्नो सीमाक्षेत्र कायम गरिएको १५ नम्बर पिल्लर हेर्न पुगेका पूर्वाधार विकास कार्यालय डोल्पाका इञ्जिनियर प्रकाश बुढालाई किन आइस् भन्दै चिनियाँ प्रहरीले नियन्त्रमा लिनसमेत खोजेको थियो । त्यतिमात्र नभई चिनियाँ प्रहरी एकलरूपमा सीमा स्तम्भ रंगाएको समाचारसमेत बाहिरिएको थियो ।

### सर्वसाधारणमा सधैं सुरक्षा त्रास

भौगोलिकरूपमा अत्यन्तै विकट उपल्लो डोल्पा पुग्न जिल्ला सदरमुकाम दुनैबाट पाँच दिनसम्म लाग्ने गर्दछ । त्यसकारण पनि उपल्लो डोल्पावासीलाई सधैं सुरक्षा त्रास हुने गर्दछ । उपल्लो डोल्पाको धो, साल्दाङ, कागकोटलगायत स्थानमा नेपाल प्रहरीको सुरक्षा चौकी राखिएको छ ।

बाह्रै महिना हिमपात हुने उपल्लो डोल्पामा कात्तिकपछि अत्यधिक चिसो बढ्ने र प्रशस्त हिमपात हुने भएकाले चौकीहरू पनि जिल्ला कार्यालयमा गाभिने गर्दछन् । यस समयमा उपल्लो डोल्पामा सुरक्षा चुनौती थपिने शे-फोक्सुण्डो गाउँपालिका-८ का अध्यक्ष निमा गुरूङले बताए । यस वर्ष पनि सबै चौकीहरू दुनैमा गाभिसकेका छन् ।

कात्तिकदेखि चैतसम्म चिसो नघट्न भएकाले उपल्लो डोल्पा सुरक्षाविहीन हुने गर्दछ । छ महिनासम्म सुरक्षा नहुँदा उपल्लो डोल्पामा ऐतिहासिक सम्पदा चोरी हुने, गाउँघर लुटिने, सर्वसाधारण, वन्यजन्तुको आखेटोपहार अवैधरूपमा बिक्री गर्नेजस्ता आपराधिक गतिविधिहरू विगतमा घटेको पाइएको छ । त्यतिमात्र नभई हिँउदको समयमा कतिपय सर्वसाधारणहरू घर, गुम्बामा ताला मारेर जाडो छल्न बेँसी झर्ने भएकाले हतियारधारी समूहद्वारा पुरातात्त्विक सम्पदा चोरी हुने गरेको हो ।

भरपर्दो सुरक्षा व्यवस्था नहुँदा जिल्ला प्रहरी कार्यालय डोल्पाको 'रिपोर्ट' अनुसार २०७२ सालदेखि हालसम्म उपल्लो डोल्पाबाट ७३ थान प्राचीन मूर्ति चोरी भएकामा ५० थान फेला परे । अझै २३ थान फेला पर्न बाँकी छ । चोर्ने मनसाय राख्ने मान्छेहरू प्रायः मान्छे नभएको मौका छोपी हिउँदको समयमा उपल्लो डोल्पाको गाउँबस्तीमा छिर्ने गरेकाले यस समयमा सुरक्षा खतरा बढ्ने धोका स्थानीयको भनाइ छ । करिब छ महिना उपल्लो डोल्पा सुरक्षाविहीन हुने गर्दछ भने छ महिनामात्र नेपाल प्रहरीको आंशिक सुरक्षा हुन्छ । अहिले उपल्लो डोल्पाको फोक्सुण्डोमाबाहेक अन्य सबै सुरक्षा चौकीहरू दुनै सरेको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी निरीक्षक राजेश बस्नेतले जानकारी दिए ।

### छैन अस्थायी भन्सार

राज्यका कारण मोरिम्ला र क्याटो नाका वैधानिक हुन सकेका छैनन् तर प्रत्येक वर्ष प्रहरी भने खटाइन्छ । यसमा पनि क्याटो नाका कहिलेकाहीँ मात्र खुल्ने गर्दछ । वर्षमा एकपटकमात्र खुल्ने उक्त नाकाहरूमा अस्थायी भन्सार कार्यालयसमेत राखिएको छैन । जडीबुटीलगायत वन पैदावार बेच्न जाने सर्वसाधारणको चेक जाँचका लागि सीमाक्षेत्रमा डिभिजन वन कार्यालयको चेक पोस्टसमेत छैन । व्यापारीहरू निर्वाधरूपमा जडीबुटीको कारोबार गर्ने गर्दछन् । राज्यको दरिलो उपस्थिति नहुँदा प्रत्येक वर्ष नाका खुल्दा गैरकानुनी गतिविधि हुनसक्ने बताइन्छ ।

उपल्लो डोल्पाको कतिपय क्षेत्र शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने भएकाले कस्तुरी, हिँउचितुवालगायत वन्यजन्तुहरू पाइन्छन् । त्यतिमात्र नभई बहुमूल्य जडीबुटी पुरातात्त्विक मूर्ति राखिएका ऐतिहासिक गुम्बाहरूसमेत उपल्लो डोल्पामा छन् । तर नाका खुल्दा सामान्य चेकजाँच गरेरै सर्वसाधारणलाई पठाइने भएकाले अवैध गतिविधि हुनसक्ने आकलनसमेत गरिएको हो ।

नाका खुल्दा जिल्लाबाट पुगेका नेपाल प्रहरी, सशस्त्र प्रहरीले अस्थायी रूपमा सुरक्षा दिँदै आए पनि पूर्णसुरक्षाका लागि बिओपी स्थापना गरिनुपर्ने उपल्लो डोल्पावासीको माग छ । वर्षमा एकपटक चिनियाँ क्षेत्रमा लाग्ने व्यापारिक मेलामा सर्वसाधारणले करोडौंको वस्तु आयात तथा निर्यात गर्ने गरे पनि भन्सार शुल्क एक रूपैयाँसम्म उठ्दैन । जसले गर्दा राज्यलाई उठ्नुपर्ने भन्सार कर त्यसै खेर जाँदै आएको हो । प्रत्येक वर्ष जति दिन नाका खुल्छ त्यति समयका लागि भए पनि अस्थायी भन्सार कार्यालय सरकारले राख्नुपर्ने जिल्लाका सुरक्षा प्रमुखहरूको धारणा छ ।

### के भन्छ स्थानीय सरकार ?

उपल्लो डोल्पामा सशस्त्र प्रहरीको सीमा सुरक्षा चौकी राख्न अत्यावश्यक रहेको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्माधोर्चे गुरूङले बताए । 'उपल्लो डोल्पामा चीनसँगका दुईवटा खुला सिमाना छन्, ती सिमानाहरू, सीमास्तम्भहरू के कस्तो अवस्थामा छन् राज्यको ध्यान पुग्न सकेको छैन, उपल्लो डोल्पाका विभिन्न ठाउँमा सशस्त्र प्रहरीको सुरक्षा फौज राख्ने भनेको पाँच छ वर्ष भयो तर उपलब्धि हात लागेको छैन,' उनले भने ।

गुरूङका अनुसार दुई वर्षअघि नै सशस्त्र प्रहरीको टोलीलाई डोल्पोबुद्ध गाउँपालिकाको तीन ठाउँमा २०/२५ रोपनी क्षेत्रफलसम्म भएका जग्गा देखाएको थियो । त्यसपछि कुनै प्रतिक्रिया आएन । उनले उपल्लो डोल्पामा दुई स्थानमा बिओपी स्थापना गर्न आवश्यक जग्गा दिन गाउँपालिका तयार रहेको बताए । उनले भने, 'समन्वय गर्न पनि तयार छ, बरू प्रजिअलगायत जिल्लाको सुरक्षा टोलीले चासो राख्नुपऱ्यो ।'

उनका अनुसार उपल्लो डोल्पाको तीञ्जेमा बिओपी स्थापनापछि सीमा सुरक्षा मात्र होइन जनताको जनधनको सुरक्षाको 'ग्यारेन्टी' हुन्छ, शान्तिसुरक्षा कायम गर्न सकिन्छ । तीञ्जेबाट एक घण्टामा मोरिम्ला नाका पुग्न सकिने उपाध्याक्ष गुरूङले बताए । उपल्लो डोल्पामा पर्याप्त सुरक्षाकर्मी नहुँदा अहिले पनि नागरिक त्रासमा जिउन बाध्य भएको उनको भनाइ छ । बिओपी राख्ने भनिएको तीञ्जेदेखि भित्रको भूभाग निकुञ्ज क्षेत्रमा नपर्ने भएकाले कानुनी जटिलता पनि नभएको उनको भनाइ छ ।

यता डोल्पाका संघीय सांसद धनबहादुर बुढाले सीमा सुरक्षा बल स्थापनाका लागि सुरूदेखि नै आवश्यक पहल गरिरहेको बताए । 'उपल्लो डोल्पामा सशस्त्र प्रहरीको बिओपी राख्न आवश्यक हो, जिल्लाका सुरक्षा प्रमुखहरूसँग पनि कुरा भइरहेको छ तर पनि जग्गा प्राप्त हुन सकेको छैन, त्यहाँका स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई जग्गा टुंग्याउन भनेको छु, आशा छ यो काम छिट्टै होला,' उनले भने । जग्गाको प्राप्तिको कुरा सकिएपछि बाँकी केन्द्रमा गर्ने प्रक्रियामा जस्तोसुकै सहयोग गर्न पनि तयार भएको उनको भनाइ छ ।

### के भन्छ प्रशासन ?

उपल्लो डोल्पामा पर्ने मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि एउटा बिओपी राख्न आवश्यक भएको सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवालीले बताए । 'त्यसका लागि सुरूमा जग्गा चाहियो, जग्गा प्राप्त हुन सकेको छैन, जिल्लाका सुरक्षा अधिकारीहरूले पनि जग्गा कहाँ कति खाली छ हेर्न जान पाएको छैन, अब एकपटक जिल्लाको सुरक्षा टोली पुग्छौं र जग्गाका लागि सामान्य गर्छौं,' सहायक प्रजिअ ज्ञवालीले भने, 'भौगोलिक विकटताका कारण पनि भनेको समयमा पुग्न सकिँदैन, बिओपी स्थापनापछि अस्थायी भए पनि राज्यले भन्सार कार्यालय स्थापना गर्नुपर्छ, जसबाट राज्यलाई राजस्वसमेत प्राप्त हुन्छ ।' प्रत्येक वर्ष आधा महिनाका लागि मात्र खुल्ने यो नाका हुम्लाको हिल्सा नाकाजस्तै कम्तीमा सात-आठ महिना खुलेमा डोल्पालीहरूलाई किनमेल गर्न सजिलो हुने उनको भनाइ छ । *रासस*



**साइकलमा विद्यार्थी** | **सुनसरीको इनरुवा नगरपालिका–९ मा शुक्रबार साइकलमा विद्यालयबाट घर फर्कंदै गरेका विद्यार्थी । साइकलले मानिसको गतिशीलता र सक्रियता बढाएर उनीहरूको क्षमता बढाउनमा भूमिका खेल्ने तथा मानसिक र शारीरिक विकासमा सहयोग गर्ने साइकल अभियानकर्ता बताउँछन् ।** *तस्बिर: नवीन गड्तौला/रासस*

# हिउँदयाममा पनि रोकिएन कर्णाली नदीबाट कटान

■ दुर्गा देवकोटा

**टीकापुर–** बर्सातको समयमा मात्र होइन हिउँदमा पनि कैलालीको पूर्वी दक्षिण भेगमा नदी कटानको त्रास छ । कणाली नदीले टीकापुर नगरपालिका वडा नं ९ फाँटामा कटानी गरिरहेको छ । एक हप्तामा दुई मिटर कटान भएको छ । यसरी कटान हुन थालेपछि स्थानीयले जनप्रतिनिधि गुहार्न थालेका छन् ।

कटानकै कारण कर्णाली नदीले सत्ती कर्णाली सामुदायिक वन र टीकापुर उद्यानको मन्दिर नजिक कटान हुँदा बाढी पस्ने खतरा बढ्दै गएको छ । यसैगरी मोहना नदीले खक्रौलामा कटान गरिरहेको छ । नदी कटान हुन थालेपछि स्थानीयले स्थानीय स्रोत साधन प्रयोग गरेर कटान नियन्त्रणमा लागेका छन् । साथै पथरैया नदीले डिबीपुर नजिक कटान गरिरहेको छ। टीकापुर उद्यान नजिक करिब ५०० मिटर, सत्ती कर्णाली वन नजिक ५०० मिटर, फाँटामा ३०० मिटर, खक्रौलामा एक किलोमिटर र डिवीपुरमा ७०० मिटर नदी किनारा खतरामा रहेको पाइन्छ ।



यी स्थानमा हिउँदमै नदी नियन्त्रणको काम नभएमा बर्सातमा नदी पस्ने निश्चित छ । कटान भइरहेका कतिपय स्थानमा बोल्डर हालेर पनि केही हदसम्म कटान रोकिने स्थानीयको भनाइ छ । 'नदी कटानले सयौं बिघा जग्गा बगरमा परिणत हुने अवस्था छ,' स्थानीय शेरबहादुर साउँदले भने, 'पहिले बोल्डर हाल्दा पनि धेरै कटान रोक्न सक्ने अवस्था हुँदाहुँदै कुनै निकायले काम गरेन ।'

साउँदले वडा नम्बर ६, ७, ८ र ९ त्यसै पनि बाढी प्रभावित क्षेत्र भएकाले यहाँ हजारौं बिघा जग्गा डुबानमा पर्दा पनि रोकथामका लागि काम नभएको गुनासो गरे । 'तत्कालका लागि खक्रौलामा सात ठाउँमा बोल्डर र ठोकर हाल्ने, फाँटामा बोल्डर र बिडिपुरमा बोल्डर हालेको भए धेरै राहत हुने थियो,' स्थानीय समाजसेवी खडक धामीले भने, 'मुख्यमन्त्री कमलबहादुर शाह र नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा रणबहादुर रावललाई केही दिन पहिले कटान क्षेत्रमा बोलाएर समस्या देखायौं, बिहीबार संघीय सांसद ईश्वरीदेवी न्यौपानेलाई समस्या देखायौं ।'

'हामीले बोलाएका जनप्रतिनिधिले आश्वासन दिनुभएको छ हेरौं,' समाजसेवी धामीले भने, 'बास नै नरहने अवस्था हिउँदमा छ भने बर्सातमा कस्तो होला ?' बिहीबारमात्र संघीय सांसद न्यौपानेले कटान क्षेत्रको अनुगमन गरेका हुन् । अनुगमन गर्ने क्रममा सांसद न्यौपानेले भयावह अवस्था रहेको बताउँदै सक्दो सहयोग गर्ने आश्वासन दिए । उनले तत्काल गर्नुपर्ने काम काठमाडौं जानेबित्तिकै पहल गर्ने बताए । 'बोल्डर धेरै ठूलो लागत होइन, स्थानीय पालिकाले पहल गरेको भए पनि हुने थियो,' सांसद न्यौपानेले भने, 'हिउँदमै कटान हुन्छ भने नागरिकमा त्रास हुनु स्वाभाविकै हो ।'

'पहिलो चरणमा बोल्डर हाल्ने र क्रमशः तटबन्धनका लागि पहल गर्छु,' उनले भने, 'यत्रो विकराल समस्या आफ्नो पालिकामा भए पनि स्थानीय जनप्रतिनिधिले चासो नदिँदा नागरिकको चिन्ता बढेको छ ।' विकासका सवालमा सबै तिनै तहका जनप्रतिनिधि एक भएर लाग्नुपर्ने जनाउँदै उनले जनताले निर्वाचित गरेर पठाएका जनप्रतिनिधि हामी बसेर समस्या समाधान गर्न लाग्नुपर्ने बताए । *रासस*

# ३२ दिनपछि खुल्यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको ताला

**जुम्ला (प्रस)–** जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लामो समयदेखि स्थायी रूपमा कार्यरत ५८ जना शिक्षक तथा कर्मचारीको स्तरवृद्धि र नियमावलीअनुसारको तलबभत्ता नपाएको विषयलाई लिएर सुरू भएको आन्दोलन स्थगन भएको छ । आन्दोलनरत शिक्षक तथा कर्मचारीका अनुसार उपकुलपतिबाट माग सम्बोधन गर्ने लिखित प्रतिबद्धता प्राप्त भएपछि बिहीबारदेखि आन्दोलनका सबै कार्यक्रम स्थगन गरिएको हो ।

प्रतिष्ठानका शिक्षक र कर्मचारीले आफूहरूको स्तरवृद्धि र तलबभत्ताको विषयमा न्यायका लागि २०८१ साल भदौ २६ गते उच्च अदालत सुर्खेत जुम्ला इजलासबाट कर्मचारीको पक्षमा फैसला भएको थियो । उक्त फैसला कार्यान्वयन नभएको भन्दै २०८१ साल कात्तिक २६ गतेदेखि विभिन्न दबाबमूलक कार्यक्रम कर्मचारीले सुरू गरेका थिए । आन्दोलनका क्रममा रजिस्ट्रारबाट गठित वार्ता समितिसँग पटक-पटक छलफल भएपछि २०८१ साल पुस ४ गते उपकुलपतिबाट छुट पदसमेत सम्बोधन गरिने लिखित प्रतिबद्धता प्राप्त भएको साथै, गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना र त्यस सूचनामा छुट भएका पदका सम्बन्धमा थप स्पष्टता आउने वचन दिइएको आन्दोलित कर्मचारीले विज्ञप्तिमार्फत सार्वजनिक गरेका छन् । सो प्रतिबद्धताका आधारमा आन्दोलनरत शिक्षक तथा कर्मचारीले शुक्रबारबाट आन्दोलनका सबै कार्यक्रम स्थगन गरी नियमित कार्यालय कामकाजमा फर्किने जानकारी गराएका छन् ।


## सिद्धार्थ इन्टरनेशनल होटल लि.
**मायादेवी - ०८, भैरहवा**

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक मिति २०८१/०९/०६ गते प्रकाशित

यस सिद्धार्थ इन्टरनेशनल होटल लि. को मिति २०८१/०९/०३ गते बसेको संचालक समितिको बैठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) बमोजिम २१ दिन अगावै शेयरधनीहरुलाई वार्षिक साधारण सभाको सूचना दिनु पर्ने व्यवस्था बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरु छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरुलाई सूचित गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१/०९/२७ गते ।
**समय** : बिहान १० : ०० बजे
**स्थान** : सिद्धार्थ इन्टरनेशनल होटल लि., भैरहवा

**छलफलका विषयहरु :**

**(१) सामान्य प्रस्तावः**
(क) आ.ब. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
(ख) आ.ब. २०८०/८१ लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु सम्वन्धमा ।
(ग) कम्पनीको आ.ब. २०८१/८२ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
(घ) संचालक समितिको गठन सम्वन्धमा ।

**(२) विशेष प्रस्तावः**
(क) कम्पनीको प्रवन्धपत्र र निमायवली संशोधन सम्वन्धमा ।
(ख) साधारण शेयर (IPO) निष्काशन सम्वन्धमा ।
(ग) कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन तथा IPO निष्काशन सम्वन्धमा संचालक समितिलाई अख्तियारी सम्वन्धमा ।

**(३) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,
**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय** : दिनको ५:०० बजे
**स्थान** : मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क** : ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.ब.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
लिलानाथ ढकाल
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**
**MUKTINATH AGRO MACHINERY COMPANY LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं** : ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## धौलागिरी कालिका हाईड्रो लिमिटेड
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)**
**काठमाण्डौ, नेपाल**

**नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस धौलागिरी कालिका हाईड्रो लिमिटेडको नवौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१/०९/२६
**समय** : विहान ११:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ. व. ०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ. व. ०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. ०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. काठमाण्डौ म्याग्दी इनभेष्टमेन्ट प्रा.लि. लाई यस कम्पनमिा गाभ्ने वा प्राप्ती गर्ने सम्वन्धमा ।
५. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाका सम्बन्धमा ।
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः– अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५४२७३०, ४५३६८१९ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,
**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ हर्वल बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय** : दिनको २:०० बजे
**स्थान** : मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क** : ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.ब.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको जारी पूँजी रु. २ करोड ५० लाख र चुक्ता पूँजी रु. २ करोड पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
सुगरिका के.सी.
अध्यक्ष

**मुक्तिनाथ हर्वल बैंक लि.**
**MUKTINATH HERBAL BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं** : ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## साउदीमा रोजगार

**कम्पनी : KEY SOLUTION COMPANY**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315714 | चलानी नं.६०२२९९६१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 25 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RUKAM INDUSTRIAL COMPANY**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315713 | चलानी नं.६०२२९९६२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : INTELLIGENT COOPERATION SERVICES**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315767 | चलानी नं.६०२३०००९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 25 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## कुवेतमा रोजगार

**कम्पनी : Amkan International Company For Aluminum Works**
पूर्व स्वीकृति मिति : २०८१/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 304800 | चलानी नं. ६०२१९६१०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Fabricators (Side Work) Curtain Wall Fixi | 40 | 0 | 140 | ६२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cnc Machine Operator | 2 | 0 | 170 | ७५,४३० | | | | | | | |
| 3 | Helper | 3 | 0 | 110 | ४८,८०५ | | | | | | | |
| 4 | Welder | 3 | 0 | 150 | ६६,५५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## युएइमा रोजगार

**कम्पनी : UNITED MANAGEMENT RECRUITMENT L.L C.**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315762 | चलानी नं. ६०२२९९८५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४४,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 40 | 0 | 800 | २९,७६५ | | | | | | | |
| 3 | Mason/Brick Mason | 40 | 0 | 1200 | ४४,६४५ | | | | | | | |
| 4 | Reinforcing Fitter | 40 | 0 | 1200 | ४४,६४५ | | | | | | | |
| 5 | Steal Fixer | 40 | 0 | 1200 | ४४,६४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साउदीमा रोजगार

**कम्पनी : AL ENJAAZ AL SARIA CO. FOR ALUMINUM & STEEL WORK**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315770 | चलानी नं.६०२२९९८३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith/Rod Binder/Steel Fixer | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL-RAED AL-BUKHARI RESTAURANT FOR PROVIDING MEALS**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315768 | चलानी नं.६०२२९९८१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Men\'s Barber | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## साउदीमा रोजगार

**कम्पनी : AL Amara International Trading & Contracting Company Ltd.**
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315695 | चलानी नं. ६०२२९९१२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Crane Operator | 1 | 0 | 1800 | ६४,६०० | | | | | | | |

**कम्पनी : KALPATARU PROJECTS INTERNATIONAL LIMITED**
पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | LT. No. 315752 | चलानी नं. ६०२२९९५४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Mini Truck | 10 | 0 | 1600 | ५८,१८० | | | | | | | |
| 3 | Loading And Unloading Worker | 19 | 0 | 1000 | ३६,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

# प्रभाव दैनिक

शनिबार, ०६ पुस २०८१ (Saturday, December 21, 2024)


## रूपशाला

### वैशाखमा १९मा पुग्यो 'झिल्को'

यादवकुमार भट्टराई निर्देशित फिल्म 'झिल्को' १९ वैशाखमा प्रदर्शन हुने भएको छ । यसअघि आज (पुस ५) प्रदर्शन मिति तोकेको फिल्मको प्राविधिक कारणले प्रदर्शन सार्नु परेको निर्देशक भट्टराईले बताए । 'पोस्ट प्रोडक्सनमा समय लगाएर राम्रोसँग काम गर्ने उद्देश्यका साथ प्रदर्शन मिति धकेलेका हौँ,' भट्टराईले भने । 'झोला' र 'भोर'पछि यो उनको तेस्रो निर्देशकीय फिचर फिल्म हो । फिल्ममा सुनील पोखरेल, वर्षा सिवाकोटी, भोलाराज सापकोटा, विशाल पोखरेल र आयुषी ढकाललगायतको अभिनय छ । मोबाइल दुर्व्यसनका कारण बालबालिकामा देखिने समस्या, त्यसले परिवार र समाजलाई पार्ने प्रभावबारे फिल्म बनेको हो ।





# 'पिताम्बर' २९ चैतमा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'पिताम्बर' नयाँ वर्षको अवसर पारेर २९ चैत्रबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले शुक्रबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । सार्वजनिक पोस्टर फिल्मको मुख्य तीन कलाकार प्रदीप खड्का, सौगात मल्ल र दयाहाङ राई देखिएका छन् । प्रदीपले प्रमुख स्थान पाएको पोस्टरमा आक्रामक शैलीमा बन्दुक चलाइरहेका सौगात देखिन्छन् । दयाहाङको अनुहारमा भने रिस देखिन्छ । पोस्टरले फिल्म एक्सन प्रधान रहेको प्रस्ट बनाएको छ ।

कृषा चौलागाई निर्देशित फिल्मको छायांकन ७० दिनमा सकिएको हो । 'पिताम्बर' आफ्नो ड्रिम प्रोजेक्ट भएको निर्देशक कृषाले बताइन् । 'पिताम्बर'मा सौगात, प्रदीप र दयाहाङसँगै दिव्या रायमाझी, अनुप विक्रम शाही, सुरक्षा पन्त, प्रमोद अग्रहरी, दिव्यदेव, सुपुष्पा भट्ट, कामेश्वर चौरासिया, गौरव विष्ट, विशाल पहारी लगायतका




कलाकारको अभिनय छ । केपी फिल्मसले पुरुषोत्तम प्रधान फिल्मससँग सहकार्य गरेको 'पिताम्बर'लाई पुरुषोत्तम प्रधानले खिचेका छन् । विशाल चौलागाई निर्माता रहेको फिल्ममा प्रदीप भारद्वाजको लेखन , हिमाल केसीको द्वन्द्व निर्देशन छ । फिल्मको बजेट ५ करोड बताइन्छ ।

# 'भ्वाइस अफ नेपाल'मा भित्रिए खेम सेञ्चुरी

■ प्रभाव संवाददाता

**काठमाडौं** – 'द भ्वाइस अफ नेपाल' को छैटौं सिजनको कोचका रूपमा लोकसर्जक खेम सेञ्चुरी अनुबन्धित भएका छन् । पाँचौं सिजनसम्म लगातार कोचको भूमिका निभाएका गायक प्रमोद खरेल अर्का कोच राजेशपायल राई कोचबाट बाहिरिएका छन् ।

खरेल भ्वाइस अफ नेपालको पहिलो सिजनदेखि नछुटेका एक मात्र कोच थिए । उनी सबैभन्दा सफल कोच पनि हुन् । राजेश पायल भने चौथो सिजनमा भित्रिएका थिए । उनले पाँचौं सिजनमा पनि निरन्तरता पाए । तर, छैटौं सिजनमा बाहिरिएका छन् । भ्वाइस अफ नेपालको कोच छँदा नै उनी विभिन्न विवादमा मुछिएका थिए । अघिल्लो सिजनमा भित्रिएकी मिलन नेवारले पनि निरन्तरता पाउन सकिनन् ।

निर्माण टिमले आज एक पत्रकार सम्मेलन गर्दै छैटौं सिजनबारे विभिन्न जानकारी दिएको हो । यसअघि दुईवटा सिजनमा कोच रहेर बाहिरिएका राजु लामाको रि-इन्ट्री भएको छ । यस्तै, पाँचौं सिजनमा कोच रहिसकेका उदय सोताङ दोहोरिएका छन् । सिजन ६ मा नयाँ कोचका रूपमा गायिका मेलिना राईको प्रवेश भएको छ । उनी भ्वाइस किड्सकी कोच थिइन् । यस्तै, चर्चित लोक गायक खेम सेञ्चुरी पनि कोचका रूपमा अनुवन्धित भएका छन् । सेञ्चुरी द भ्वाइस अफ नेपालको कोचमा अनुवन्धित हुने पहिलो लोक स्रष्टा हुन् । 'द भ्वाइस अफ नेपाल' सिजन ६ को प्रसारण पुष तेस्रो साताबाट सुरु हुने भएको छ । यो सिजनमा डिजिटल अडिसनमा सहभागी भएका करिव ५५ हजार आवेदकमध्येबाट छानिएका १२० बढी प्रतिभाहरू ब्लाइन्ड अडिसनमा प्रस्तुत भएका छन् ।



अडिसनमा नेपालसहित विभिन्न देशमा बसोबास गर्ने नेपालीभाषी प्रतिभाहरूले पनि उत्साहजनक सहभागीता जनाएका छन् । 'यो पटक भ्वाइस अफ नेपालमा सुदूरपश्चिम र पश्चिमाञ्चल क्षेत्रबाट निकै राम्रो संख्यामा प्रतिभाहरू आउनुभएको छ, जुन हाम्रालागि निकै उत्साहजनक हो,' कार्यक्रमका निर्देशक लक्ष्मण पौडेलले भने, 'नयाँ कोच र प्रतिभाहरूको ट्युनिङ निकै राम्रो भएको छ ।' ब्लाइन्ड अडिसनमा कोचको कुर्सी घुमाउन सफल प्रतिभाहरूको सांगीतिक यात्रा त्यही विन्दुबाट सुरु हुने छ । छानिएका ६४ जना प्रतिभाहरू ब्याटल राउण्डमा प्रतिस्पर्धा गर्नेछन् ।

'पाँच सिजनसम्म दर्शकहरूले दिनुभएको माया र फिडब्याकलाई आत्मसात गर्दै हामीले नयाँ सिजन ल्याएका छौं' हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कँडेलले भने- 'भ्वाइस अफ नेपालले अहिलेसम्म कम समेटेको लोकसंगीतलाई पनि समेटेर खअझै बृहत दर्शकमाझ पुग्न कोसिस गरेका छौं ।

कार्यक्रमको टाइटल स्पोन्सरमा क्लोज अप अनुवन्धित भएको छ भने को-स्पोन्सरका रूपमा सनफिस्ट फ्यान्टासी, र रोहोतो सनप्ले रहेका छन् । भ्वाइस अफ नेपाल किड्स, हिमालय रोडिज, हिमालय लोकस्टार लगायतका रियालिटी शो प्रसारण गरिरहेको टेलिभिजनले निकट भविष्यमै बिजनेस रियालिटी सो 'सार्क ट्याङ्क' र फेसन रियालिटी शो 'नेपाल्स नेक्स्ट टप मोडल' प्रसारण गर्दै छ ।

## रंगशाला

### यू-१९ एकदिवसीय क्रिकेट

# हङकङविरुद्ध नेपालको 'क्लिनस्वीप'

■ प्रभाव संवाददाता

**काठमाडौं** – हङकङविरुद्धको यु-१९ एकदिवसीय क्रिकेट शृंखलामा नेपालले 'क्लिनस्विप' गरेको छ ।

मूलपानी क्रिकेट मैदानमा शुक्रबार भएको अन्तिम एकदिवसीय खेलमा हङकङलाई एक सय ३० रनले पराजित गर्दै नेपालले शृंखलामा क्लिनस्विप गरेको हो । नेपालले दिएको दुई सय ६६ रनको लक्ष्य पछ्याएको हङकङले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर एक सय ३५ रन जोड्न सक्यो ।

हङकङका लागि प्रित मांगुकियाले अविजित रहँदै अर्धशतकीय पारि खेले । उनले



८७ बलमा सात चौकाको मद्दतले ५५ रन बनाए । अब्दुल समदले २३ र कप्तान शिव माथुरले १९ रन जोडे । उनीहरूबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् ।

हङकङका लागि आरेज दारले सात, शायन पुरीले अविजित रहँदै पाँच, डेनियल मापले चार, विल वाल्शले तीन, तरण लौंगानीले दुई र म्याथ्यू जेम्स क्लेटनले एक रन बनाए । यो खेलमा हङकङले अतिरिक्त पाँच रन पाएको छ । बलिङतर्फ नेपालका कप्तान अभिषेक तिवारी र अफरुद्दिन रेनले समान दुई/दुई विकेट लिए । राजेश बोहरा, दीपक सेराला र सन्तोष यादवले समान एक/एक विकेट हात पारे ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले ४९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै दुई ५५ रन बनाएको थियो । नेपालले पहिलो खेलमा हङकङलाई तीन विकेटले र दोस्रो खेलमा दुई सय २६ रनले पराजित गरेको थियो ।

# भुटानसँग उमेर समूहमा पहिलोपटक हार्‍यो नेपाल

**काठमाडौं (प्रस)**– नेपाल पहिलोपल्ट उमेर समूहमा भुटानसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार भएको मैत्रीपूर्ण खेलमा भुटानको यु-१६ टोलीसँग नेपाल ५-१ ले पराजित भएको हो । अहिलेसम्म उमेरसमूहमा नेपालले भुटानसँग हार व्यहोर्न परेको थिएन । छिरिङ लामोले दुई र क्विनदेन सोनम सोञ्चालले एक गोल गर्दै पहिलो हाफमै फराकिलो अग्रता लिएको थियो ।

२३औं मिनेटमै भुटानले सुरूआती अग्रता लिएको थियो । खान्दु सोमोले मिलाइएको बललाई नेपाली डिफेन्डरले रोक्न नकस्दा सोनम गोलमा परिणत गरिन् । त्यसको ११औं मिनेटमा खान्दुले नै मिलाइएको बलमा छिरिङले गोल गरिन् । आफ्नै खेलाडीसँग तालमेल नमिले पनि उनले अन्ततः गोल गरिन् । त्यसको पाँच मिनेटपछि नै उनले नै गोल थपिन् र पहिलो हाफमा फराकिलो अग्रता दिलाइन् ।

दोस्रो हाफमा भुटानले थप दुई गोल थप्यो । ६५औं सोनमले व्यक्तिगत दोस्रो र टोलीका लागि चौथो गोल गरिन् । ८४औं मिनेटमा युगेन सोमोले पेनाल्टीमार्फत गोल गरेपछि भुटान खेलमा ५-० ले अगाडि रह्‍यो । लगत्तै ज्ञान्शु डोल्मा लोको क्रसमा वैकल्पिक खेलाडी सविना तामाङले गोल गर्दै खेल ५-१ मा ल्याइन् । तर, त्यो जितका लागि पर्याप्त बनेन ।

### एसिया कप क्रिकेट

# बंगलादेशसँग नेपाल पराजित

## भारत र बंगलादेश फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं** – एसीसी महिला यू-१९ एसिया कप क्रिकेटअन्तर्गत सुपर चारको अन्तिम खेलमा नेपाल बंगलादेशसँग नौ विकेटले पराजित भएको छ ।

मलेसियाको बायुमास ओभल मैदानमा भएको खेलमा नेपाल बंगलादेशसँग नेपाल नौ विकेटले पराजित भएको हो । जितसँगै बंगलादेश प्रतियोगिताको फाइनलमा भारतसँगको भेट पक्का गरेको छ ।

शनिबार खेलमा वर्षा बाधक बनेपछि खेल ११ ओभरमा घटाइएको थियो । जसमा नेपालले ११ ओभरमा आठ विकेटको क्षतिमा ५४ रन जोडएको थियो । जितका लागि ५५ रनको लक्ष्य पछ्याएको बंगलादेशले नौ दशमलव पाँच ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गर्यो ।

बंगलादेशका लागि ओपनर फाहोमिदा चोयाले २६ रन जोडिन् भने ओपनर मोसमत इभाले १८ रन बनाइन् । साथै सुमैया अक्तरले १० रन जोडिन । नेपालका लागि कुसुम गोदारले एक विकेट लिइन ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालका लागि ओपनर सावित्री धामीले सर्वाधिक ११ रन जोडिन् । कप्तान पूजा महतोले नौ र एलिशा यादवले आठ रन बनाए । बंगलादेशका फर्जाना इस्मिन, अनिशा अख्तर सोबा, फहोमिदा चोया र हबिबा इस्लामले समान एक/एक विकेट लिए ।


## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ सिड बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १०:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क:** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रवन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
विजय कुमार गुरुङ
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ सिड बैंक लि.**
**MUKTINATH SEED BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



## प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०६

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ आइटेक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** बिहान ८:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।
५. अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रवन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
गजेन्द्रमान श्रेष्ठ
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ आईटेक लि.**
**MUKTINATH ITECH LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



## ZERO COST RECRUITMENT IN MALAYSIA !!!
## मलेसियामा शुन्य लागतको रोजगार !!!

**Free Visa, Free Ticket, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि-राहदानी र निः शुल्क यातायात, आवास र खाना (छनौट पश्चात)

**COMPANY: IOI PLANTATION SDN BHD**
**कम्पनी : आईओआई प्लानटेशन एसडिएन बिएचडि**

Pre Approval Date : 2024-12-19 | पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315365 | एल टि न. ३१५३६५ | Invoice No. 60229941 | चलानी नं. ६०२२९९४१

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,२३५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**COMPANY: PAMOL PLANTATIONS SDN BHD**
**कम्पनी : पामोल प्लान्टेसनस् एसडिएन बिएचडि**

Pre Approval Date : 2024-12-19 | पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | LT. No. 315366 | एल टि न. ३१५३६६ | Invoice No. 60229942 | चलानी नं. ६०२२९९४२

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,२३५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

आईओआई प्लानटेशन एसडिएन बिएचडी र पामोल प्लानटेसन एसडिएन बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।
**IOI PLANTATION SDN BHD & PAMOL PLANTATIONS SDN BHD doesn't impose any recruitment/placement fee for this employment.**

नोट: यस प्रा.लि. ले कुनै पनि एजेन्ट/सब एजेन्ट/ तेस्रो पक्ष र मध्यस्तता रहेको छैन र हामी हाम्रो भर्ती प्रक्रियामा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौ ।
**We don't use any Agent/Sub-Agent/Third Parties involvement/intermediaries in our sourcing and Recruitment Process.**

**Note (नोट):**
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्ट/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन । Applicants are requested to submit their application directly without any mediator. Their (Family members/relatives/friends) are not required to make any payments for this employment.
- प्रि-अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तरवार्ताको लागि योग्य हुनेछन् । Only applicants who have been selected in Pre-interview will be eligible for final interview.

**The final interview will be conducted in the office on 28th Dec, 2024. अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १३ गते हुनेछ । Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

इमिनेन्स रिक्रुटिङ इन्टरनेशनल प्रा.लि. ले "शुन्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिद्धान्तलाइ पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिवद्ध छ ।
**This manpower if commited to abide laws and principle guidelines of "Zero Cost" and "Ethical Sourcing/Recruitment" providing equal opportunities treating fairly with the dignity in transparent way.**

